२०८३ साल असार ०९ गते तदनुसार Jun 23, 2026 मंगलवार बैठकमा पेश भएका कार्यसुचीहरु :

१. नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. आ.व.२०८३/०८४ को बजेट तथा कार्यक्रम सम्बनधमा ।

३. विभिन्न कार्यविधि तथा ऐन पारित सम्बन्धमा ।

४. कर्मचारीको तह वृद्धि सम्बन्धमा ।

५. कर्मचारी प्रोत्साहन सम्बन्धमा ।

६. विविध सम्बन्धमा ।

CS CamScanner

## बैठकका निर्णयहरु:

**निर्णय नं.१:** आगामी आ.व. २०८३/०८४ को लागि दोस्रो गाउँसभाको १९औं अधिवेशनमा पेश गरिने नीति तथा कार्यक्रमको प्रस्ताव कार्यपालिकामा बृहत छलफल पश्चात स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.२:** आगामी आ.व. २०८३/०८४ को लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त बजेट तथा कार्यक्रम स्वीकृत गरी दोस्रो गाउँसभाको १९औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.३:**

क. देहाय बमोजिमका विधेयक तथा कार्यविधिहरू पारित गरी छलफल तथा अनुमोदनका लागि गाउँसभामा पेस गर्ने निर्णय गरियो।

**देहाय:**

१. लैङ्गिक हिंसा निवारण तथा पीडित संरक्षणका लागि व्यवस्था गर्न बनेको विधेयक,२०८३

२. मानेभन्ज्याङ गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०८३

३. मानेभन्ज्याङ गाउँपालिकाको बेरूजु फस्यौंट कार्यविधि,२०८३

४. अर्थ तथा सार्वजनिक लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि,२०८३

५. गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि,२०८३

६. गाउँ प्रहरी सेवाको गठन,सञ्चालन र सेवा सर्त सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक,२०८३

७. अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमको मूलप्रवाहीकरण तथा दिगोपना नीति,२०८३

ख. देहाय बमोजिमका कार्यविधिहरू छलफल गरी पारित गर्ने निर्णय गरियो।

**देहाय:**

१. कृषि पशुपन्छीपालन तथा साना व्यवसाय कर्जा कार्यविधि,२०८३

२. मानेभन्ज्याङ गाउँपालिकाको अवकाश कोष सञ्चालन कार्यविधि,२०८३

३. मानेभन्ज्याङ गाउँपालिकाको टोल विकास संस्था(गठन तथा परिचालन)कार्यविधि,२०८३

**निर्णय नं.४:** मानेभन्ज्याङ गाउँपालिकाको तह वृद्धि सिफारिस समितिको मिति २०८३।०३/०८ गतेको निर्णयानुसार तहवृद्धिको लागि सिफारिस गरेका तपसिल बमोजिमका स्थायी कर्मचारीहरुको कोशी प्रदेश सरकारद्धारा जारी स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० तथा मानेभन्ज्याङ गाउँपालिकाको कर्मचारीको तहबृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१ अनुसार देहाय बमोजिमको सेवा, समूह, पद र तहमा तह वृद्धि गर्ने सर्वसम्मतले निर्णय गरियो।

**तपसिल:**

| क्र.सं. | कर्मचारीको नाम,थर | हालकोपद/तह | बृद्धि हुने तह | नियुक्ति/बढुवा/तहवृद्धि मिति | तह वृद्धि गरिएको पद र तह, सेवा/समूह/उपसमूह, | तह वृद्धि लागुहुने मिति |
|---|---|---|---|---|---|---|
| १ | श्याम कटवाल | पशु स्वास्थ्य प्राविधिक /पाचौं | छैटौं | २०८०/०३/३१ | सहायक पशु चिकित्सक/नेपाल कृषि/भेटेरिनरी | २०८३।०४।०१ |

**निर्णयनं.५:**

शाखागत पदीय जिम्मेवारीका अतिरिक्त गाउँ कार्यपालिका तथा सभाको बैठक सञ्चालन,वर्षिक नीति,योजना तथा कार्यक्रम तर्जुमा एवम कार्यान्वयन,आवश्यक विधेयक,नियमावली,निर्देशिका,मापदण्ड,कार्यविधि निर्माण एवम प्रकाशन लगायत समग्र गाउँ कार्यपालिका एवम सभा सञ्चालनको नीतिगत कार्य,स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली लगायतका कार्यमा कार्यालय समयको अतिरिक्त समय तथा सार्वजनिक बिदाका दिनमा समेत कार्यसम्पादन गरिरहेका प्रमुख प्रशासकीय अधिकृत,आर्थिक प्रशासन तथा आन्तरिक लेखा परिक्षणमा कार्यरत कर्मचारीहरू,सूचना प्रविधि अधिकृत,रोजगार संयोजक/विधायन समिति सदस्य सचिव,प्रशासन शाखा प्रमुख,सार्वजनिक खरिद तथा सम्पति व्यवस्थापन उपशाखा हेर्ने कर्मचारीलाई चालु आ.व.को अन्तिममा निजहरूले खाइपाई आएको तलबको १ महिना बराबरको तलबमा १% कर कट्टी गरी प्रोत्साहनका रूपमा उपलब्ध गराउने निर्णय गरी अनुमोदनका लागि सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

**निशुल्क जग्गा रजिष्ट्रेशन पास सम्बन्धमाः**

क. मानेभन्ज्याङ गाउँपालिका वडा नं. २(साविकको वडा नं.६) को जग्गा धनि बिमला के.सी.,चन्द बहादुर कार्की र जहान सिंह कार्कीको संयुक्त नाममा रहेको कित्ता नं.६१४ को ३-५-१-१ क्षेत्रफल भएको जग्गा रू २०००००(अक्षरूपी दुईलाख मात्र) र संगैको कित्ता नं.६०२ को जग्गा धनी राममणी राई,चन्द्र बहादुर कार्की,तेज बहादुर कार्की र डम्बर बहादुर कार्कीको संयुक्त नाममा रहेको ५-२-२-३ क्षेत्रफल भएको जग्गा रू ४०००००(अक्षरूपी चारलाख मात्र) मानेभन्ज्याङ गाउँपालिका, २ नं.वडा कार्यालयको नाममा पास गर्नको लागि भूमि प्रशासन कार्यालय, ओखलढुंगालाई सिफारिस गर्ने तथा उक्त जग्गा निशुल्क रजिष्ट्रेशन पासको लागि अनुरोध समेत गर्ने निर्णय गरियो । सो जग्गा पासको लागि वडा सचिव श्री सुकुधन राईलाई प्रतिनिधि तोक्ने निर्णय गरियो । साथै उक्त जग्गामा जग्गाधनीबाट मञ्जुरीनामा समेत प्राप्त भईसकेकाले चालु आ.व. २०८२/०८३ मा संघीय सरकार विशेष अनुदान बाट विनियोजित बजेट रू १० लाखबाट कृषि उपज संकलन केन्द्र निर्माण योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख. मानेभन्ज्याङ गाउँपालिकाको आ.व. २०८१/०८२ मा प्रदेश सरकारबाट हस्तान्तरित शसर्त बजेट शिर्षक मानेभन्ज्याङ केत्तुके स्वास्थ्य चौकी भवन निर्माण योजनाको कार्यान्वयनका लागि सुरूमा उपभोक्ता समितिले सम्झौता गरी कार्य प्रारम्भ गरेको तर पछि योजना कार्यान्वयनको विधिसँग जनप्रतिनिधि र कार्यालय बिच मतभेद उत्पन्न भई कार्यालयबाट काम रोक्ने व्यहोराको पत्र सम्बन्धित उपभोक्ता समितिलाई प्रेसित भएको तथा तत पश्चात पनि उपभोक्ता समितिले निर्माण कार्य जारी राखि सम्मानित उच्च अदालत विराटनगरको अस्थायी ईजलास ओखलढुंगामा रिट दायर गरेको र उच्च अदालतले अन्तिम सुनुवाई गरी उक्त रिट खारेज समेत गरेको, उक्त आर्थिक वर्ष भित्र उक्त योजना कार्यान्वयन नभई निकासा रकम फिर्ता भएको र चालु आ.व.

CamScanner

२०८२/०८३ मा गाउँपालिकाले बनिसकेको भवनको केही संरचनाको लागि आवश्यक बजेट समेत विनियोजन गरेको,सम्बन्धित उपभोक्ता समितिले गाउँपालिकाको न्यायिक समितिमा निर्मित संरचनाको भुक्तानी सहजीकरणको लागि निवेदन पेश गरेको तथा भएको काम एकिन गर्ने लगायत अन्य विषयमा ११५ जना स्थानीयको सर्वपक्षिय सर्जमिन मुचुल्का वडा कार्यालयले उठाएको समेतको सन्दर्भलाई मनन गरी उक्त भवनको निर्मित संरचनाको खर्च प्रचलित ऐन अवलम्वन गर्न नसकिने स्थिति रहेकोले न्यायिक समितिमा परेको निवेदन,न्यायिक समितिको प्रतिवेदन,प्राविधिक शाखाको प्रतिवेदन लगायत अन्य आवश्यक प्रमाण तथा कागजातको आधारमा उक्त भवनको निर्माण सँग सम्बन्धित ख़र्चको भुक्तानी गर्न निर्मित भवनको स्वामित्व ग्रहण गरी श्रमिक र सामग्रीको खर्च सम्बन्धित पक्षलाई भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने र उक्त खर्चमा उपभोक्ताको न्युनतम १०% योगदान कट्टा समेत गरिने निर्णय गरियो ।

ग. चालु आ.व.को हिउँदे गाउँसभाबाट विनियोजित ठूलोजुरे खेल मैदान निर्माण शिर्षकमा विनियोजित रकम रू १०००००।- लाई ठूलोजुरे तार जाली खरिद शिर्षकमा रकामान्तर गरी खर्च गर्ने निर्णय अनुमोदनका गाउँसभामा पेश गर्ने निर्णय गरियो।

CamScanner